
# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

ताँजाकोट गाउँपालिका




# ताँजाकोट गाउँपालिका

# हुम्ला जिल्ला

# २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

# प्रदेश सुशासन केन्द्र

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

---

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन। सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनुपर्ने, आत्मनिर्भर, सवल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजश्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ति तथा उपयोगको लागि राजश्व सुधार कार्ययोजना तर्जुमा गर्नुभएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानूनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार,  सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ गाउँपालिकाको प्रस्तुत राजश्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजश्व समितिलाई राजश्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनु भएकोमा आभारी छु ।

राजश्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजश्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु। शुभकामना ।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजश्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजश्व संकलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले संघीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था संघीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजश्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजश्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजश्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजश्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजश्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजश्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजश्व संकलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजश्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको  राजश्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


**परिच्छेद –एकः परिचय** **१**

१.१ पृष्ठभुमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू ३

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

**चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू** **४**

१.५ अध्ययनको सीमा ७

**परिच्छेद– दुईः परिचय** **८**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ८

२.२ गाउँपालिकाको मानवीय संशाधन र संगठन ११

२.३ गाउँपालिकाको भौतिक सम्पत्ति १२

२.३.१ गाउँपालिकाको अचल सम्पत्ति विवरण १२

**परिच्छेद–तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१३**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १३

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९

३.३ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २१

३.३.१ स्थानीय कर राजस्व २१

३.३.२ गैरकर राजस्व २९

**परिच्छेद–चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** **३८**

४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत नीति ३८

४.२ आय सङ्कलनको संस्थागत क्षमता ४१

४.२.१ स्थानीय राजस्व परामर्श समिति ४१

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ४३

४.४ राजस्व परिचालनमा रहेका सबालहरू ४५

**परिच्छेद–पाँचः राजस्व सुधार कार्ययोजना** **४८**

**परिच्छेद – छः आगामी तिन वर्षको आय प्रक्षेपण** **५२**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५२

६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ५४

**परिच्छेद–सातः अपेक्षित नतिजा** **५८**
**परिच्छेद–आठः अनुगमन तथा मूल्याङ्कन** **५९**
**अनुसूचीहरू** **६१**
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ६१
अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र **भ्चचयचज्ञ द्ययग्फबचप लयत मभाष्लभम।**
अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ६४
अनुसूची ४: कार्यक्रमको फोटोहरु ६६

## तालिका सूची

तालिका १: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९
तालिका २: सम्पत्ति करको सम्भाव्यता २२
तालिका ३: घरजग्गा बहाल करको सम्भाव्यता विवरण २४
तालिका ४: व्यवसाय करको सम्भाव्यता विवरण २५
तालिका ५: विज्ञापन करको सम्भाव्यता विवरण २८
तालिका ६: बहाल बिटौरी शुल्क सङ्कलनको अवस्था ३१
तालिका ७: सिफारिस तथा दस्तुरको सम्भाव्यता विवरण ३५
तालिका ८: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण ३९
तालिका ९: राजस्व परामर्श समिति ४१
तालिका १०: ताँजाकोट गाउँपालिका मा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण ४२
तालिका ११: आन्तरिक आय सङ्कलनको अवस्था ४३
तालिका १२: राजस्व सुधार कार्ययोजनाहरू ४८
तालिका १३: गैरकर राजस्व सुधार योजनाहरू ५०
तालिका १४: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू ५२
तालिका १५: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ५५
तालिका १६: प्रक्षेपित आय संरचना ५८

## चित्र सूची

चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ४
चित्र २: गाउपालिका अवस्थिति नक्सा ८

# परिच्छेद – एक: परिचय

## १.१ पृष्ठभुमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रूपमै प्रदान गरिएकोछ । त्यसैगरी सङ्घ सरकारबाट असुल हुने मुल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्कबाट प्राप्त हुने राजस्वबाट तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी रकमबाट तोकिएको प्रतिशत रकम प्रदेश तथा स्थानीय सरकारलाई बाँडफाँड हुने प्रावधान रहेको छ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय सरकारहरूले विभिन्न किसिमका राजस्व उठाउन सक्ने अधिकारको बारेमा उल्लेख गरिएको छ। यी अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त रकमले स्थानीय तहको खर्चको आवश्यकता केही अंशमात्र पूरा हुने हो सबै आवश्यकता पूरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बिचको अन्तर कम गर्न राज्यको राजस्व अधिकार मध्येबाट समेत तहगत सरकार बिच राजस्व अधिकार बाँडफाँड गरिएको छ। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ।

वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ। स्थानीय तहहरूलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनिहरू करको सम्भाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन। संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय सरकारहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक स्रोत र राजस्व परिचालनमा लामो समय उदासीन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय सरकारको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन। यसबाट छुट्कारा पाउनको लागि थानीय तहको राजस्व अधिकारका सम्भावनाहरूको खोजि गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्वन गर्नुपर्ने नीतिगत, कानुनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन

गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै सन्दर्भमा कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको यस गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यो कार्ययोजनालाई स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

हाल नेपालको राज्य सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले व्याख्या गरेको छ । देशमा सङ्घीयता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले स्थानियतहहरूलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तथा परिनाममुखी तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरू हुनसक्छन जस्तै सङ्घीय संरचनाको अभ्यास नयाँ हुनु, आयका स्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, अनुगमन संयन्त्र नहुनु, स्थानीय तहहरूसँग रहेका संभाव्य स्रोतहरूका बारेमा

तथ्यांक नहुनु, राजस्व सङ्कलन र त्यसको बाँडफाँड बारेमा जनतालाई बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा बृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

उल्लिखित अवस्थाहरूमा सुधार ल्याउनको लागि आन्तरिक आयको अवस्था विश्लेषण गरि सुधारका मार्गहरूपय पहिचान गर्नु, राजस्व वृद्धिका सम्भावनाहरूको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान सङ्गठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरू पहिल्याउनु, र आगामी ३ आर्थिक वर्षको  राजस्वको  प्रक्षेपण गर्नु नितान्त आवश्यक हुने हुँदा यस प्रतिवेदनमा कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको ताँजाकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।


## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

ताँजाकोट गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको सम्भावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- ✓ स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- ✓ विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- ✓ आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- ✓ स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना, राजस्व सङ्कलन तथा विलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- ✓ स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- ✓ नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- ✓ स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: १) ।




**चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू**

### पहिलो चरण: सन्दर्भ सामाग्री संकलन तथा समीक्षा

राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

## दोस्रो चरणः अभिमुखीकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई राजश्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७८/१२/२० मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

## तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, संभाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य संघ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि  आवश्यक सूचना तथा तथ्यांकहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको कममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियो:

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार

तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवं राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ। सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजश्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरण: मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

### सातौ चरण: अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/१० गते यस गाउँपालिकाका उपाध्यक्ष श्री सुरेन्द्र बहादुर थापा ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

### आठौं चरण: अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रहि तयार गरिएको छ ।


१. यस राजस्व सुधार कार्ययोजना यस गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाब र सूचनाको आधारमा तयार गरिएको हो ।
२. सङ्घ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रूपले वृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।
३. राजस्व सम्भाव्यता आँकलन गर्न प्रमाणिक तथ्यांक नभएको अवस्थामा सरोकारवालाहरू संगको अन्तर्क्रियाबाट आवश्यक तथ्याङ्क लिएको थियो ।

# परिच्छेद– दुईः परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

**अवस्थितिः**

ताँजाकोट गाउँपालिका हुम्ला जिल्लामा पर्दछ। यो गाउँपालिकाको पूर्वमा अदानचुलि गाउँपालिका, पश्चिममा बाजुरा जिल्ला र उत्तरमा सर्केगाड गाउँपालिका रहेको छ भने दक्षिणमा मुगु जिल्ला अवस्थित छ।




चित्र २: गाउपालिका अवस्थिति नक्सा

**गाउँपालिकाको गठन**

सङ्घीय संरचना तथा व्यवस्था बमोजिम राज्यको पुनःसंरचना प्रक्रियामा ताँजाकोट गाउँपालिका नेपालको कर्णाली प्रदेश हुम्ला जिल्लाको दक्षिण पशिचम दिशामा अवस्थित छ। यो गाउँपालिका मुगु र बाजुरा जिल्लाको सीमा क्षेत्र र हुम्लाको सदरमुकाम सिमिकोटबाट ४८ कोष टाढा छ। साविकको मदना र मैला गाविसलाई देशको संघिय प्रणाली अनुसार वि स २०७३ सालदेखि

ताँजाकोट गाउँपालिकाको रूपमा नामाकरण गरिएको हो । गाउँपालिकालाई ५ वटा वडामा विभक्त गरिएको छ ।

## आर्थिक तथा सामाजिक अवस्था

### आर्थिक अवस्था

यस ताजाँकोट गाउँपालिकाका बासीन्दाहरूको मुख्य पेसा कृषि नै रहेको छ । यस गाउँपालिकामा ४९०० हेक्टर खेतीयोग्य जमिन रहेको छ । यस गाउँपालिकामा कर्णाली विविधतापूर्ण हावापानी रहेको छ । गाउँपालिका क्षेत्रमा चिनो,धान, गहुँ, जौ,उवा,मकै, कोदो, फापर, कागुनो आदि अन्नहरूको उत्पादन हुन्छ । त्यसैगरी सिमी, भटमास, केराउ, गहत जस्ता दलहन बालीको पनि उत्पादन रहेको छ । स्याउ, आरु, ओखर, खुर्पानी जस्ता फलफुलहरू उत्पादन हुने यस क्षेत्रमा आलु, काउली, बन्दा, चोतो जस्ता तरकारी बालीको उत्पादन हुने गरेको छ । परम्परागत खेती प्रणालीका कारण निर्वाहमुखी उत्पादन मात्र हुने गरेको देखिन्छ । गाउँपालिकामा पशुपालनका लागि उपयुक्त चरनक्षेत्र रहेको छ । गाई, भैंसी, भेडाबाखा तथा कुखुरापालनका लागि उपयुक्त रहेको यस क्षेत्रमा घाँस खेती गर्ने चलन छैन ।

राडीपाखी, लिउ, फेरुवा जस्ता उत्पादनको सम्भाव्यता यस क्षेत्रमा रहेको छ । ताजाँकोटो मदना झाडमाण्डौ, अदालचुली मदनाखौला जस्ता प्राकृतिक तथा धार्मिक पर्यटनका क्षेत्रहरू यस गाउँपालिका भित्र पर्दछन् । पर्यटनस्थलसम्म पुग्दा आवश्यक सुविधा तथा सडकको बिस्तार हुन नसक्दा यी क्षेत्रहरूको महिमा ओझेलमा परेको र सहज आवतजावतका लागि सडकको बिस्तार गर्न जरुरी देखिन्छ साथै जिर्ण पर्यटकीय क्षेत्रहरूको पुनर्निमाणको आवश्यकता पनि रहेको छ ।

यस गाउँपालिका क्षेत्रमा फर्निचर उद्योग, कुटानी पिसानीका मिलहरूका साथै सुधारिएका घट्टहरू पनि रहेका छन् । उद्यमशीलताका लागि ज्ञान, सीप अभिवृद्धि गर्न सके यस गाउँपालिकामा घरेलु उद्योगहरूको सम्भावना पनि देखिन्छ । अत्तिस, जटामसी, कुट्की, पाँच औंले, पदमचाल, पाखनवेद, चिराइतो, वन लसुन, सेतो चिनी जस्ता बहुमुल्य जडिबुटी र भोजपत्र, सुनधुपी जस्ता बनस्पतीहरूको पर्याप्त स्रोत रहेको छ ।

वित्तीय कारोवारका लागि गाउँपालिकामा एउटा बैंक तथा सहकारी एवं बचत तथा ऋण संस्थाहरू रहेका छन् भने सबै नागरिकहरूको वित्तीय संस्थामा पहुँच पुग्न सकेको छैन ।

नेपालमा घरको स्वामित्व र घरको प्रकार परिवारको एक प्रमुख आर्थिक सूचकको रूपमा रहेकोछ । घरको स्वामित्वको आधारमा हेर्दा करिब ९६.१३ प्रतिशत घरपरिवारको आफ्नै स्वामित्वमा रहेको घर छ भने अति विपन्न लक्षित वर्गका लागि सरकारबाट जनता आवास कार्यक्रम र व्यवसायिक क्षेत्रमा आवास एकाइ निर्माण कार्य अघि बढेको छ । स्थानीय निर्माण सामग्री र प्रविधि प्रयोग गरी बनाइएका सरकारी भवनहरूको प्रारूप तयार गरी किफायती आवासका विभिन्न नमुनाहरू तयार भएका छन् ।

### सामाजिक अवस्था

ताँजाकोट गाउँपालिकाको कुल जनसङ्ख्या मध्ये ४९.७१ प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् । यस गाउँपालिकामा जम्मा माध्यामिक र आधारभुत गरी १८ वटा विद्यालय र ६ वटा स्वास्थ्य चौकि र २ गैर सरकारी सस्था लागु भएका छन । यस गाउँपालिका क्षेत्रमा ३ वटा स्वास्थ्य चौकी छ । स्वास्थ्य संस्थाहरूले २४ घण्टे प्रसूति सेवा, परिवार नियोजन सेवा, समुदायमा आधारित बाल स्वास्थ्य शिशु सेवा, बहुक्षेत्रीय पोषण योजना जस्ता क्षेत्रमा पनि सेवा प्रवाह गरिरहेका छन् । स्वास्थ्य संस्थाका भवनहरू जीर्ण हुनु, स्वास्थ्य संस्थाहरूमा ल्याब तथा फार्मेसी सेवा नहुनु, एम्बुलेन्सको व्यवस्था भएता पनि आवश्यक जनशक्ति नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा समस्या देखिएको छ ।

मष्टो पूजा, भवानीको पूजा, देउडा नाच, मागल, भारी, धमारी, ठाडी भाखा, बालो नचाउने जस्ता संस्कृति रहेको यस गाउँपालिका क्षेत्रमा पञ्चेबाजा, बाँसुरी, विनायो, हुड्को, भुकर, शंङ्ख जस्ता बाजाहरू रहेका छन् । कलासंस्कृतिको जगेर्ना तथा परम्परागत कलासंस्कृतिको संरक्षणका लागि गाउँपालिकाको ध्यान जान जरुरी छ ।

### खानेपानीको स्रोत हेर्दा

खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको यस गाउँपालिकामा पर्याप्त खानेपानीका मुहानहरू रहेका छन् भने खानेपानीका धाराहरू पर्याप्त मात्रामा रहेका छन् र ८० प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ । गाउँपालिकामा पुर्ण सरसफाइका कार्यक्रम सञ्चालन भइरहका छन् । पानीका मुहानहरूको संरक्षण हुन नसक्नु तथा बृहत् खानेपानी आयोजना नभएकोले शुद्ध पिउने पानीमा नागरिकहरूको पहुँच वृद्धि हुनसकेको छैन । त्यसैगरी खानेपानी आयोजनाहरूको मर्मत सम्भारमा पनि समस्या रहेको छ ।

### सामाजिक संरचना

सामाजिक संरचनाका दृष्टिकोणले यस गाउँपालिकामा तलको तालिकामा उल्लिखित जातजातीहरूको बसोबास रहेको पाइन्छ ।

| क्र.सं. | जातिगतसमूह | प्रमुख जातजातीहरू |
|---|---|---|
| १ | पहाडी दलित | १. गन्धर्व (गाईने), २. परियार (दमाई, दर्जी, सूचीकार, नगर्ची, हुड्क, ३. विश्वकर्मा (कामी, सुनार, ), ५. सार्की (मिजार, चर्मकार, भूल) |
| २ | पहाडी बाह्मण तथाक्षेत्री | सबै पहाडी मूलका बाह्मण, क्षेत्री र ठकुरी |
| ३ | पहाडी अन्यजाती | गिरी, पुरी, भारती, सन्यासी, योगी, कुँवर |

यस गाउँपालिकाको कुल जनसङ्ख्या वि.सं. २०७९ को स्थलगत तथ्याङ्क सङ्कलन अनुसार ६१५० र घरपरिवार सङ्ख्या १२५० रहेको छ भने धर्मको आधारमा हेर्दा हिन्दु धर्मावलम्बी रहेका छन् । मातृभाषाका आधारमा हेर्दा ९९.११ प्रतिशत नेपालीभाषी,०.६५ प्रतिशत जवाफ नदिने जनसङ्ख्या रहेको छ ।

**धार्मिक, साँस्कृतिक, प्राकृतिक स्थलहरू**

धार्मिक, साँस्कृतिक, प्राकृतिक एवंम् पर्यटकीय सम्पदारमणी यडाँडाहरू तथा मन्दिरहरू रहेका छन् । गाउँपालिकामा प्रमुख पर्यटकीयर प्राकृतिक सम्पदाका रूपमा यहाँका अन्य धार्मिक, साँस्कृतिक, प्राकृतिक एवंम् पर्यटकीय सम्पदाहरू हुन् ।

## २.२ गाउँपालिकाको मानवीय संशाधन र संगठन

ताँजाकोट गाउँपालिकामा कर्मचारीको दरबन्दी तेरिज उपलब्ध भएपनि संगठन संरचना गाउँसभाबाट स्वीकृत भएको पाइँदैन । यो गाउँपालिकामा रहेको दरबन्दी तेरिज अनुसार २०७५ मा गाउँपालिकामा निम्नानुसार कर्मचारी कार्यरत रहेका छन् ।तालिका १: गाउं कार्यपालिकाको कार्यालयको दरबन्दीको अवस्था ।

| क्र.सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| १. | गा.पा. प्रशासन | १४ | ४ | रिक्त |
| २. | प्रविधिक इन्जिनियरिङ्ग | ८ | ० | ३ |
| ३. | शिक्षा | २ | - | - |
| ४. | स्वास्थ्य | १ | १ | - |
| ५. | विविध | २ | १ | १ |
| | **जम्मा:** | **२६** | **६** | **४** |

राजस्व सम्बन्धी काम गर्नका लागि निम्न अनुसार जिम्मेवारी तोकी काम भइ आएको पाइन्छ :

**तालिका २: गाउँपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | मन्जु बुढा | गा.पा. उपाअध्यक्ष | संयोजक |
| २ | लल प्रसाद ढकाल | प्र.प्र.अ. | सदस्य |
| ३ | ऋजमल बुढा | कार्यपालिका सदस्य | सदस्य |
| ४ | र्लकरी सार्की | कार्यपालिका सदस्य | सदस्य |
| ५. | बिष्णुलाल सार्की | योजना तथा राजस्व सदस्य | सदस्यसचिव |

## २.३ गाउँपालिकाको भौतिक सम्पत्ति

गाउँपालिकाको आफ्नै कार्यालय भवन नरहेको तथा निमार्णाधिन रहेको छ। सवारी साधन अन्तर्गत निम्न किसिमका सवारी साधन रहेको छ । गाउँपालिकाका सबै शाखाका कम्प्युटर तथा प्रिन्टर रहेको छ तथा आवश्यक सङ्ख्यामा टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरू रहेका छन् ।

### २.३.१ गाउँपालिकाको अचल सम्पत्ति विवरण

**तालिका नं ...... : गाउँपालिकाको अचल सम्पत्तिको विवरण**

| क्र. सं. | सम्पत्ति विवरण | इकाई (वटा, विगाहा, रोपनी, कठ्ठा आदी) | अनुमानित मुल्य(रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | १४००० वर्ग मी | | |
| | गा.पा. भवन | | | |
| | स्वास्थ्य शाखा | ६ वटा ३ अस्थायी | | |
| | प्रविधि शाखा | | | |
| | समुदायीक भवन | | | |
| २ | जमिन | | ७ लाख | |
| ३ | गाडी /एम्बुलेन्स | एम्बुलेन्स थान १ | २५ लाख | |
| ४ | अन्य मेसिन | थान १ | ४८ लाख | |

स्रोतः संस्थागत सर्वेक्षण, २०७५

# परिच्छेद–तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रूपमा बिस्तृत विश्लेषण गरिएको छ। यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको बिस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्य योजनाले संवोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

सङ्घीय कानुन (स्थानीय सरकार सञ्चालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ:

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकार:**

**कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घर जग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था)

- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा
- जडिबुटी, कबाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीवुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जि जम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा
- सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फो हरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल,
- हाटबजार, पशु बधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरीढुङ्ग ा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजिकरण व्यवस्थापन दस्तुर

- वडा मार्फत् गरिने सिफारिस तथा प्रमाणित दस्तुर

**बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) सामुदायिक वनबाट आय प्राप्त गर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संच ालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रसोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संच ालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण

- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**सङ्घीय कानुन (अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीयतहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :**

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकम मध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँडगरिने
- आयोगले निर्धारण गरेको निर्धा।ण गरेको आधार र ढाँचा बमोजिम प्रदेशसरकारले स्थानीय तहलाई बाँडफाँडगर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि वार्षिक रूपमा प्राप्त हुन

**(ग) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संच ालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रसोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संच ालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीयतहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकम मध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तः शुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने

प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टि वार्षिक रूपमा प्राप्त हुने

(ग) अनुदान

- वित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त
  - ससर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
  - समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
  - बिशेष अनुदानः कुनै खास उदेश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ। स्थानीय तहले कानुन बमोजिम वा हेक आफ्नो अधिकार क्षेत्रमा कुनै क र लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने ( संवैधानिक व्यवस्था)
- कर नलाग्ने: कुटनीतिक नियोग, कुटनितिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको विक्र नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

कानुनी अधिकारको आधारमा गाउँपालिकाका सम्भाव्य आय शीर्षकहरूको परिचालनका अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई पहिचान गरिएको छ।

**तालिका १: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | छ | भएको |
| | सम्पत्ति कर | छ | छैन | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छैन | नभएको |
| | घर जग्गा बहाल कर | छ | छ | भएको |
| | व्यवसाय कर | छ | छ | भएको |
| | जडिबुटी, कबाडी र जीवजन्तु कर | छ | छ | भएको |
| | विज्ञापन कर | छैन | छैन | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | मनोरन्जन कर | छैन | छैन | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बाल'वा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छ | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छ | भएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छैन | छैन | नभएको |
| | नक्सापास दस्तुर | छैन | छैन | नभएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | छ | भएको |
| | बहाल बिटौरी शुल्क | छ | छ | भएको |
| | पार्किङ्ग शुल्क | छैन | छैन | नभएको |
| | अस्पताल सञ्चालन | छ | छ | भएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छैन | छैन | नभएको |
| | स्थानीय खानेपानी महसुल | छैन | छैन | नभएको |
| | स्थानीय विद्युत महसुल | छ | छैन | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | छैन | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटबजार, पशु बधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि | छैन | छैन | नभएको |
| | मूल्याङ्कन सेवा शुल्क | छ | छैन | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | छ | भएको |
| | ढुङ्गा, गिट्टी, बाल'वा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छ | नभएको |
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| | दण्ड जरिवाना | छैन | छैन | नभएको |

उल्लिखित तालिकामा गाउँपालिकाका करतर्फ ७ शीर्षक र गैरकरतर्फ १८ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार गाउँपालिकाको अधिकार क्षेत्र अन्तर्गतका सात किसिमका कर मध्ये गाउँपालिकाको अध्ययन तथा अवलोकन भ्रमण, कर्मचारी

तथा पदाधिकारीहरूसँगको छलफलर गाउँपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा हाल छ (६) किसिमका करहरू सङ्कलनको सम्भावना रहेको तथा चार (४) किसिमका करहरूको सङ्कलन र दर निर्धारण समेत भएको देखिन्छ। सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने रकम यो कार्ययोजना तर्जुमाका दौरानमा केही नेपाल ऐन संशोधन माार्फत् थप भएको हुँदा निम्न परिच्छेदहरूमा यसको सम्भावना प्रारम्भिक रूपमा आँकलन गरिएको छ । गाउँपालिकामा हाल टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा सञ्चालनन भएको हुँदा यस्ता सवारी साधनहरूबाट तत्कालका लागि कर उठाउन सकिने सम्भावना देखिँदैन। गाउँपालिकाले सम्पत्ति करको दर निर्धारण नगरेको अवस्था छ।

गैरकर तर्फका राजस्वका १८ शीर्षकमध्ये ११ शीर्षकमा राजस्व सङ्कलनको सम्भावना रहेको भएपनि हाल ६ किसिमका शीर्षकबाट मात्र कर सङ्कलन भइरहेको र ८ वटा शीर्षकमा दरनिर्धारण भएको देखिन्छ। यस गाउँपालिकामा गैरकरतर्फ सार्वजनिक क्षेत्रको ढुंगा, गिट्टी, बालुवा, माटोमा बिक्री र निजीमा उपयोग शुल्क लिन सक्नेमा सो शीर्षकमा लिएको देखिन्छ। गैर कर तर्फ बहाल बिटौरी शुल्कको पनि राम्रो सम्भावना रहेको छ र दर निर्धारण पनि भएको छ र शुल्क पनि उठाएको देखियो। यस कार्ययोजना अवधिमा अस्पताल सञ्चालन शुल्क भने उठ्न सक्ने सम्भावना रहेको छ र बाँकी गैरकरहरू उठ्न सक्ने सम्भावना देखिन्छ जुन उपरोक्त तालिकामा प्रस्तुत गरिएको छ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

#### क. सम्पत्ति कर

हालको अवस्था: गाउँपालिकाको ले एकीकृत सम्पत्ति करको व्यवस्था गरेको छ। सम्पत्ति करका लागि चालु आ.व.को आर्थिक प्रस्तावनामा दररेट तोकिएको छ । हालैको नेपाल ऐन संशोधन अनुसार स्थानीयतहले आफ्नो तहभित्र रहेका घरहरूले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यस बाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यवस्था गरेको सन्दर्भमा सङ्घीय कानुनसँग तादात्म्य हुने गरी गाउँपालिकाको आर्थिक ऐन संशोधन गर्नुपर्ने भएको छ।

**संभाव्यताः** यस गाउँपालिका मावि. सं. २०६८ को जनगणना अनुसार कुल ११६८ घर परिवार रहेको मा हालै २०७८ को जनगणनाको प्रारभिक नतिजा अनुसार कुल ११७६ घर परिवाररहेको तथ्यांक उपलब्ध छ। यस अध्ययनको प्रयोजनका लागि हरेक परिवारमा औसतमा १ जना सम्पत्ति करदाता छन् भन्ने अनुमानमा आधारित रही उक्त पछिल्लो तथ्यांक ११७६ घर परिवारमा कुल ११७६ सम्भाव्य करदाता छन् भन्ने अनुमान गरी सम्पत्ति करको सम्भाव्यता विश्लेषण गरिएको छ। सम्भाव्य करदाताको सम्पत्तिको आकारका सन्दर्भमा चाहिँ उक्त ११७६ सम्भाव्य करदाता मध्य ५१ परिवार भाडामा बस्ने परिवार देखिएको ले ११२५ परिवार जसमध्ये ९९७ घर कच्ची १२५ अर्ध कच्ची र ३ घर पक्कि रहेका छन् । गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनले रु. पाँच लाखसम्मको सम्पत्तिमा न्यूनतम रु. ०.२५ प्रतिसत, प्रति ६ देखि १० लाखमा ०.२५ प्रतिशत र १५ लाख भन्द माथि ०.५ प्रतिशत कर हुन आउने हुँदा यस आधारमा विश्लेषण गर्दा उक्त ११२५ सम्भाव्य करदाताबाट सम्पत्ति कर स्वरूप वार्षिक रु. १५ लाख ३ हजार सङ्कलन हुनसक्ने सम्भावना देखिन्छ।

**तालिका २: सम्पत्ति करको सम्भाव्यता**

| करदाता सम्बन्धी विवरण | करदाताको सङ्ख्या | करको औसत दर (प्रस्तावित)* | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | ९९७ | १२५० | १२४६२५० |
| ढुंगा,माटो र टायल/टिनको छानोको घर भएका | १२५ | २००० | २५०००० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | ३ | २५०० | ७५०० |
| **जम्मा** | **११२५** | | **१५०३७५०** |

स्रोतः रष्ट्रिय जनगणना २०७८ प्रारम्भीक नतिजा*(गाउँपालिकाको आर्थिक ऐन अनुसार)

**सुधारका पक्षहरूः** यसमा गाउँपालिकाले कुन कर कसरी लिने भन्ने विषयमा स्पष्ट हुन जरुरी देखिन्छ। यदि आगामी वर्षदेखि सम्पत्ति कर शुरु गर्ने योजना भएमा त्यसको सुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ। सम्पत्तिकरमा सुधारका लागि के-के गर्न सकिन्छ भनी गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरूबिच बृहत् छलफल गरिएको थियो साथै गाउँपालिका क्षेत्रको अध्ययन भ्रमणसमेत गरिएको थियो। सो छलफल तथा अध्ययन भ्रमणको निचोड अनुसार सम्पत्ति करका सम्बन्धमा सुधारका विषयहरू निम्न अनुसार रहेका छन् :

- सम्पत्ति (जग्गा तथा संरचना) मूल्याङ्कनको आधार तथा दर निर्धारण गर्ने
- सम्पत्ति कर सङ्कलन प्रक्रिया तथा सम्पत्ति कर व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने
- वडागत रूपमा कर सचेतना अभियान सञ्चालन गर्ने

- न्यूनतम शुल्कबाट सम्पत्ति कर सुरु गरी बढीभन्दा बढी करदातालाई करको दायरामा ल्याउने
- सम्पत्तिको स्वयं घोषणाको सूचना दिई करदाता विवरण दर्ता गर्ने
- सम्पत्ति कर सञ्चालन सफ्टवेयर निर्माण गर्ने
- वडा कार्यालय सहित गाउँपालिकाका कर्मचारीका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न

**ख. मालपोत (भूमि) कर**

**हालको अवस्थाः** मालपोत कार्यालय हुम्ला ले मिति २०७८-०३-२४ मा मालपोत नियमावली, २०३६ (संसोधन सहितको) नियम ५ (ख) बमोजिम हुम्ला जिल्लाका नव गठित गाउँपालिका/ नगरपालिका हरूको जग्गा मूल्याङ्कन बमोजिम चालु आ.व.मा मालपोत कर सङ्कलन गरिरहेको छ। गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐन नबनाएको र गाउँपालिका क्षेत्रभित्रका जग्गाहरूलाई सडकको पहुँचको आधारमा वर्गीकरण गरी मूल्याङ्कन रकम तय गरेको देखीदैन । चालू आ.व.सम्म मालपोत सङ्कलन भएको देखिदैन ।

**संभाव्यताः** हालैको नेपाल ऐन संशोधन अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घरहरूले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यस बाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यवस्था गरेको छ। गाउँपालिकाले हाल विगत वर्षहरूको प्रचलित दररेटका आधारमा भूमिकर/मालपोत सङ्कलन गरिरहेको हुँदा भूमिको उत्पादकत्व, मुल्य तथा समग्र विद्यमान सम्भावना, स्थानीय बासिन्दाको कर तिर्न सक्ने क्षमता, सडक लगायतका पूर्वाधार विकासको अवस्था जस्ता विविध पक्षहरूको विश्लेषणमा आधारित रही भूमिको वर्गीकरण गरी सो आधारमा भूमिकर निर्धारण गर्नुपर्ने देखिन्छ । यसबाट भूमि अनुसारको वैज्ञानिक ढङ्गबाट कर निर्धारण भई गाउँपालिका तथा नागरिक दुबै पक्ष लाभान्वित हुन सक्ने देखिन्छ ।

गाउँपालिकाले २०७६ तयार गरेको वस्तुगत विवरण अनुसार गाउँपालिकामा कुल ११२५ घरपरिवार रहेको तथा खेती गरिएको जमिन ४९ वर्ग कि.मि. अर्थात ९६३१६ रोपनी रहेको तथ्यांक उपलब्धछ । मालपोत योग्य जमिनको क्षेत्रफल ९६३१६ रोपनी रहेको र गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐन नभएको र नजिकका गाउँपालिकाका चालु आ.व.को आर्थिक ऐन सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरीएको छ र सोही मूल्याङ्कनका आधारमा जग्गाको मुल्य गणना गरी प्रति रोपनी औसत मालपोत कर रु. १५ का दरले गणना गर्दा गाउँपालिकाले मालपोत वापत कुल रु. १४ लाख ४४ हजार ७४० सङ्कलन गर्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीबिचको छलफलबाट भूमि करमा सुधारका लागि निम्न अनुसार कार्यहरू गर्न सुझाइएको छ :

- सडक तथा अन्य प्रमुख पूर्वाधारको विकास तथा जमिनको उपयोगको आधारमा भूमिको मूल्याङ्कन र वर्गीकरण गरी मालपोतको दर निर्धारण गर्ने । दर निर्धारण गर्ने क्रममा मालपोत कार्यालयसँग समन्वय गरी मूल्याङ्कनलाई व्यवहारिक बनाउने ।
- भूमिकर सम्बन्धी कार्यविधि तर्जुमा गरी कर सङ्कलन गर्ने
- सडकहरूको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रूपमा अभिलेखीकरण गर्ने ।
- जम्मा भएको सम्पत्ति कर शीर्षकमा आय दाखिला गर्ने ।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्थाः** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम बहाल रकमको १० प्रतिशतका दरले बहालकर लगाइने र सो अनुरूप असुल गर्ने व्यवस्था गरेको छ । केही संस्थाहरूले स्वस्फूर्त रूपमा बहाल कर तिरेको हुँदा घरजग्गा बहाल करवापत चालु आ.व.को पौस मसान्तसम्म रु. २०००० रूपैया यस शीर्षकमा सङ्कलन भएको देखिन्छ । यद्यपि गाउँपालिकाले घरजग्गा बहाल कर सङ्कलनका लागि विशेष प्रयास गरी प्रभावकारी रूपमा यो कर सङ्कलन गर्न सकेको छैन ।

**सम्भावनाः**

संकलित तथ्यांक अनुसार गाउँपालिका क्षेत्रमा बैंक तथा सहकारी संस्थाहरू १, अन्य व्यवसायहरू १५१ रहेको अनुमान छ र तिमध्ये २०% अर्थात ५५ वटा बहालमा हुन सक्ने अनुमान गरिएको छ । राष्ट्रिय जनगणना २०७८ को प्राथमिक नतिजा बमोजिम यस गाउँपालिकामा जम्मा १०८६ घर रहेकोमा घरपरीवार सङ्ख्या ११७६ रहेको देखिन्छ अतः ९० परीवार बहालमा बस्ने गरेको अनुमान गर्न सकिन्छ, यस तथ्यांकका आधारमा घरबहालमा बस्नेको सङ्ख्या र सम्भावित घरबहाल कर निम्न तालिकामा प्रस्तुत गरिएको छ । व्यक्ति र संस्थाका लागि प्रस्तावित विभिन्न दर रेटमा आधारित रही घर बहाल कर सङ्कलन गर्दा गाउँपालिका भरिमा कुल रु. २१ लाख तेत्तिस हजार घरबहाल कर उठ्ने र यस गाउँपालिकाले आफ्नो आर्थिक ऐन तयार नगरेको सन्दर्भमा सामान्य रूपमा  नजिकका गाउँपालिकाका चालु आ.व.को आर्थिक ऐनमा कोठा भाडा लगाउने घरधनी वा संझौता बमोजिम व्यवसायिक प्रयोजनको लागि भाडामा दिंदा बहाल रकमको १० प्रतिशत र व्यक्तिगत प्रयोजनको लागि भाडामा दिंदा १० प्रतिशत दर कायम गर्दा सङ्कलन दरले बहाल कर लगाइने सामान्य व्यवस्था रहेकोले सोहि दरले घरबहाल कर सङ्कलन गर्दा वार्षिक कुल रु. २ लाख १३ हजार ३०० घरबहाल उठ्न सक्ने सम्भाव्यता पेस गरिएको छ ।

**तालिका ३: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित सङ्ख्या | मासिक औसत भाढा रकमे | वार्षिक भाडा रकम | घरबहाल कर |
|---|---|---|---|---|---|

| | | क | ख | ग | घ |
|---|---|---|---|---|---|
| | | | अनुमानित | क x ख x १२ | ग को १०% |
| १ | बैंक | १ | १०००० | १२०००० | १२००० |
| २ | सहकारी | १३ | ५००० | ७८०००० | ७८००० |
| ३ | अन्य व्यवसायहरू | ५५ | १०५० | ६९३००० | ६९३०० |
| ४ | घरायसी प्रयोजनमा बस्नेहरू | ९० | ५०० | ५४०००० | ५४००० |
| | | | | **कुल** | २१३३०० |

**सुधारका पक्षहरू:**

- घरजग्गा बहाल सम्बन्धी लगत विवरण सङ्कलन गरी वार्षिक रूपमा अद्यावधिक गर्ने ।
- घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने
- घरजग्गा बहाल रकम मूल्याङ्कन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दर लगायतका विधि सम्बन्धमा अध्ययन गरी बहाल मुल्य निर्धारण गर्ने र सो वमोजिम बहाल रकम निर्धारण गरी कर सङ्कलन गर्ने ।
- वार्षिक रूपमा घरजग्गा बहाल करको दर पुनरावलोकन गर्ने ।

## घ. व्यवसाय कर

हालको अवस्थाः

ताँजाकोट गाउँपालिकाले चालु आ.व.को आर्थिक ऐनमा आफ्नो क्षेत्रमा सञ्चालित व्यवसायहरूलाई होटल, रेष्टुरेण्ट एण्ड बार, स्टेशनरी तथा पुस्तकपसल लगायत विभिन्न किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ । व्यवसाय कर न्यूनतम रु. ५०० (तरकारि, श्रृङ्गार नर्सरी) र अधिकत रु. ५५०० (निमार्ण व्यवसायका लागि प्रति प्लान्ट) तोकिएको भएता पनि सङ्कलन नभएको ।

सम्भावनाः यस गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरूको किसिम अनुसारका सङ्ख्या सम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । हालसालै केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस गाउँपालिकामा जम्मा १५२ वटा व्यवसाय रहेका र ५२२ जना उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । गाउँपालिकाका सरोकारवाला पक्षहरूसँग छलफल गरी उक्त व्यवसायहरू निम्न अनुसार वर्गीकरण गरी गाउँपालिकाले सङ्कलन गर्न सक्ने सम्भावित आय समेत आँकलन गरिएको छ :

**तालिका ४: व्यवसाय करको सम्भाव्यता विवरण**

| सि.न. | व्यवसाय | सङ्ख्या | करको औसत दर | सम्भावित राजस्व |
|---|---|---|---|---|

| | | | (प्रस्तावित) | (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | १० | १००० | १०००० |
| २ | उत्पादन | ३३ | २००० | ६६००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | २४ | १००० | २४००० |
| ४ | थोक तथा खुद्रा व्यापार | ६५ | ८०० | ५२००० |
| ५ | होटल, लज | १५ | ५००० | ७५००० |
| ६ | वित्त, विमा | १ | ३००० | ३००० |
| ७ | अन्य | ४ | ५०० | २००० |
| | | | जम्मा | २३२००० |

मथिको तालिकाको आधारमा विश्लेषण गर्दा व्यवसाय कर असुली गर्दा रु. २,३२,००० सङ्कलन हुने संभावना देखिन्छ । यसैगरी Covid -19 को प्रभाव क्रमशः घट्दो क्रममा रहेकाले आगामी दिनमा नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्वरकम अझै बढ्न सक्ने देखिन्छ।

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा भएका सबै व्यवसायको लगत सङ्कलन गर्ने
- ऐनले व्यवस्था गरे अनुसारका सबै व्यवसायलाई गापामा दर्ता गराउने तथा गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि गाउँपालिका कार्यपालिकाबाट व्यवसाय सञ्चालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रूपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।
- प्रभावकारी रूपमा व्यवसाय कर सङ्कलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य सङ्घ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व  कार्यालयले व्यवसाय सञ्चालनका

लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय तहको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर सङ्कलन प्रभावकारी हुनेछ ।

### ङ. जडीवुटी, कबाडी, जीवजन्तु कर

हालको अवस्थाः गाउँपालिकामा जडीवुटी, कबाडी तथा जीवजन्तु करको सम्भावना रहेको छ तर कर सङ्कलनको अवस्था उत्साहजनक रहेको छैन । हालसम्म यस गाउँपालिकाले जडीवुटीबाट कर उठाएको देखिदैन ।

**सम्भावनाः**

हालसम्म गाउँपालिकाले यो शीर्षकबाट कुनै रकम असुल गरेको छैन । गाउँपालिका क्षेत्रमा के कति जडीवुटी, कबाडी तथा जीवजन्तुको कारोवार भएको भन्ने तथांक नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन

**सुधारकापक्षहरूः**

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कबाडी, जडिवुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने
- सम्भाव्यता अध्ययनको प्रतिवेदनका आधारमा कार्यान्वयनलाई अघि बढाउन करको आधार, दायरा, मूल्याङ्कन, दर निर्धारण कार्यशाला आयोजना गरी छलफल तथा अन्तरक्रिया गर्ने र करको दर, दायरा तथा सङ्कलन कार्यविधि स्थापित गर्ने
- अध्ययन तथा उत्पादन क्षेत्र निर्धारण पहिचान गर्ने
- जडिबुटी, कबाडी र जीवजन्तु सम्बन्धी करका लागि छुट्टै खातापाना छुट्याइ आम्दानी बाँध्ने
- यस सम्बन्धी व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने
- छिमेकी स्थानीय सरकारहरूसँग समन्वय गरी करमा एकरूपता ल्याउने
- जडीवुटी, कबाडी तथा जीवजन्तुको व्यवसायिक रूपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर सङ्कलन गर्ने ।

### च. साना सवारी कर

- वर्तमान कानुनले गाउँपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेको छ । गाउँपालिकाले आर्थिक ऐनमा दर्ता तथा नवीकरको दर निर्धारण गरेको छैन साथै पटके वार्षिक सवारी करको दर निर्धारण गरेको छैन । हालसम्म गाउँपालिकाले यो शीर्षकबाट कुनै रकम असुल गरेको छैन । गाउँपालिका क्षेत्रमा

टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्सा लगायतका साना सवारी साधन सञ्चालन नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन ।

### छ. विज्ञापन कर

**हालको अवस्था:** सङ्घीय कानुन अनुसार प्रदेश सरकारसंग यो बाँडफाँड हुने यो कर गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन गाउँपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ । तथापि गाउँपालिकाले यस शीर्षको राजस्वबाट हालसम्म कुनै पनि कर नउठाएको पाइन्छ ।

**सम्भावना :** गाउँपालिका क्षेत्रमा हुने विज्ञापन सामग्री सम्बन्धी आवश्यक तथ्यांक उपलब्ध छैन । यस गाउँपालिका भित्र रहेका मुख्य व्यापारीक केन्द्रहरू नभएको अवस्थामा यी क्षेत्रहरू विज्ञापनका लागि त्यती उपयुक्त रहेको छैन । गाउँपालिकामा सडक र बजारको विकास र बिस्तारसँग विज्ञापन सामग्रीको वृद्धि हुदै जाने अनुमान गरिएको छ । गाउँपालिकाको केन्द्र क्षेत्रमा साना वोर्ड करिब २० वटा, मझौला १० वटा बोर्ड स्थापना हुन सक्ने देखिन्छ मझौला खालको बोर्डको रू. १००० र साना बोर्डको रू. ५०० को दरले कर लगाई विज्ञापन कर लिंदा करीब रू. २०,००० कर सङ्कलन हुने र विभिन्न व्यवसायिहरूले आफ्नो व्यवसाय प्रवर्दन गर्न प्रयोग हुने बोर्डहरूबाट औशत रु २५० ले कुल व्यवसायीको को ७०% ले हुन आउने रकम रू. २६४२५ रकम सङ्कलन हुने अनुमान गरिएको छ ।

**तालिका ५: विज्ञापन करको सम्भाव्यता विवरण**

| सि.न. | होडिं बोर्डका किसिम | सङ्ख्या | करको औसत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | साना बोर्ड | २० | ५०० | १०००० |
| २ | मझौला बोर्ड | १० | १००० | १०००० |
| ३ | व्यवसायीहरूले राखेका बोर्ड | १०६ | २५० | २६५०० |
| | | | **जम्मा** | **४६५००** |

**सुधारका पक्षहरू :**

- विज्ञापन कार्यविधि तयार गर्ने ।
- प्रयोगमा रहेका विज्ञापन स्थल तथा विज्ञापन सामग्रीका बारेमा तथ्यांक सङ्कलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।

**ज. घरजग्गा रजिष्ट्रेशन दस्तुर :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र सङ्घीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भई नसकेकोले चालु आर्थिक वर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानुनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।

ताँजाकोट गाउँपालिकाले घरजग्गा रजिष्ट्रेशन शुल्क वापत आ.व. २०७५/७६ र आ.व. २०७६/७७ मा अनुमान गरेको र प्राप्त गरेको विवरण देखिदैन तेसैले आ.व. २०७८/७९ मा रु. अनुमान नगरिएको ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्याङ्कन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य सङ्घको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रूपमा गरेको न्यूनतम मूल्याङ्कन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ। गाउँपालिकाले यस्तो मूल्याङ्कन वास्तविक रूपमा कारोवार हुने गरेको मुल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नु पर्दछ ।

## ३.३.२ गैरकर राजस्व

### क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री

हालको अवस्था: गाउँपालिकामा यस शीर्षक अन्तर्गत खासगरी खोला खोलाहरूबाट समेत ढुंगा, गिट्टी, बालुवाबाट संकलित रकम उल्लेख्य रहेको छ । गाउँपालिकाले यस बमोजिमको आय बिक्रीबाट सङ्कलन नगरी प्रदूषण शुल्क र दहत्तर वहत्तर शुल्कको नामबाट सङ्कलन गरेको

देखिन्छ । गाउँपालिकाले सङ्कलन गरि आएका शीर्षक वर्तमान कानुनी व्यवस्थासँग मेल खाएको देखिँदैन । तसर्थ गाउँपालिकाले सार्वजनिक स्थानबाट सङ्कलन भई बिक्री हुने ढुंगा, गिट्टी, बालुवाको बिक्री दर निर्धारण गरी त्यसबाट आय सङ्कलन गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । दहत्तर बहत्तर भन्नाले बहेर आएको सामान दहमा तैरिने वा बहेर तैरिने भन्ने बुझिन्छ र यसबाट सामान्यतया काष्ठजन्य पदार्थ पर्दछ ।

निजी सम्पत्तिबाट खानीजन्य पदार्थको उत्खनन् तथा उपयोगका लागि कार्यविधि तर्जुमा गरी इजाजत दिने र त्यसबाट उत्पादित वस्तुमा दस्तुर लगाउन सकिने व्यवस्था रहेको छ । त्यसैले गाउँपालिकाले निजी जमिनबाट उत्पादित वस्तुमा दस्तुरको दर निर्धारण गरी सङ्कलन व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**सम्भावनाः**

कर्णाली नदीको छेउछाउमा ढुंगा, गिट्टी, बालुवाको सम्भावना अधिक रहेको छ । हालको कानुनी प्रावधान अनुसार ढुंगा, गिट्टी, बालुवा बिक्री गर्ने र सोबाट प्राप्त रकम संचित कोषमा जम्मा गर्ने अधिकार गाउँपालिकालाई रहेको छ । गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लिखित नदीबाट खोलाजन्य पदार्थ उत्खनन् गर्न सकिने सिफारिस गरेको छ । हाल प्रदेश सरकारको आर्थिक ऐन अनुसार प्रति वर्ग फिटको सङ्कलन शुल्क रु. ३ र बिक्री शुल्क रु. ६ निर्धारण गरेको छ ।

आगामी आ.व.का लागि गाउँपालिकाले ढुंगा, गिट्टी, बालुवाको ब्रिक्री दर प्रति ट्याक्टर रु ३०० का दरले ४०० ट्याक्टरबाट प्राप्त हुन सक्ने आय एकमुष्ट रु. १२००००.सङ्कलन हुनसक्ने देखिन्छ । यसरी वातावरणीय परीक्षणबाट सिफारिस गरिएको परिमाणमा सङ्कलन गर्न सकिने रकमभन्दा ठेक्का लागेको रकम निकै बढी भएको सन्दर्भमा ढुंगा, गिट्टी, बालुवा उत्खनन् र सोको अनुगमनमा वातावरणीय परिक्षण प्रतिवेदनका सुझाबहरूको पालनामा विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन सुनिश्चित गर्नेर यसका लागि राजस्व परामर्श समितिको अनुगमन तथा सक्रियता वृद्धि गर्ने ।
- निजी खानीको लाईसेन्स (अनुमति पत्र) दिने सम्बन्धमा कार्यविधि तर्जुमा गर्ने
- सार्वजनिक क्षेत्रबाट उत्पादन हुने खानी जन्यवस्तुको बिक्री दर र निजी खानीबाट उत्पादन हुने वस्तुको दस्तुर निर्धारण गर्ने ।
- ठेक्का मार्फत सङ्कलन गर्ने भएमा ठेक्काको सूचना जारी गरी ठेक्कामा दिने ।
- सङ्कलन कार्यको नियमित रूपमा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्ने
- पर्यटन तथा प्रदूषण शुल्क हटाउने, यसका लागि आर्थिक ऐनमा सुधार वा संशोधन गर्ने

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** गाउँपालिकाको आर्थिक ऐनले गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेका हाटबजार वा पसलमा वा सरकारी जग्गाहरूमा बनेका संरचनाहरूको उपयोग वापत वार्षिक प्रति वर्गफिट रु.३ का दरले बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने उल्लेख गरिएको छ । गाउँपालिकाले बहाल बिटौरी शुल्को दर निर्धारण गरेको र चालू आ.व.का लागि रु. २२ हजार अनुमान गरेको भए पनि हालसम्म यो शुल्क सङ्कलनका लागि खास पहल गरेको देखिँदैन ।

**सम्भावना:** गाउँपालिकामा बहाल बिटौरीका मुख्य क्षेत्र, अनुमानित प्रयोगकर्ता तथा सङ्कलनको सम्भावना अवस्था देहाय अनुसार रहेको छ :

**तालिका ६: बहाल बिटौरी शुल्क सङ्कलनको अवस्था**

| क.सं. | सम्पतिहरू | इकाई | परिमाण | दर (वार्षिक) |
|---|---|---|---|---|
| **क.** | **भवन तथा कोठाहरू** | | | |
| | ग्लोवल आई.एम.ई. बैंक | १ | १२०००० | १२०००० |
| **ख.** | **सार्वजनिक जग्गा** | | | |
| | हाटबजार | २ | २०००० | ४०००० |
| **ग.** | **खोलानाला** | | | |
| | | | | |

**सुधारका पक्षहरू:**

गाउँपालिकाको बहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागि प्रारम्भिक रूपमा निम्न अनुसार कार्यहरू गर्न सकिन्छ:

- सार्वजनिक जग्गा, सडक अधिकार क्षेत्रभित्रको जग्गा, ऐलानी र पर्ती जग्गामा भएका अस्थायी टहराहरूको लगत सङ्कलन गर्ने
- बहाल बिरौटी सम्बन्धमा सम्बन्धित निकाय र पक्षहरूसँग समन्वय गर्ने
- बहाल बिटौरी शुल्क उठाउने सन्दर्भमा उपयुक्त, व्यवहारिक कार्यविधि तथा दर तय गरी आगामी आर्थिक ऐनमा समावेश गर्ने
- आर्थिक ऐनमा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क उठाउने
- असुल भएको बहाल बिटौरी वापतको राजस्व छुट्टिने गरी आम्दानी बाँध्ने
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल बिटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी कार्यान्वयन गर्ने

## ग) पार्किङ शुल्क

**हालको अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐनले पार्किङ शुल्क वापत बस तथा ट्रकसँग प्रति घण्टा रु. २५।-, कार, भ्यान तथा जिपसँग प्रतिघण्टा रु. २०।- तथा मोटर साइकलसँग प्रतिघण्टा रु. १० ।- को दर तोकेको छ । तर गाउँपालिकाले पार्किङ सेवा उपलब्ध गराउन कुनै संरचना हालसम्म निर्माण नगरिसकेको हुँदा तत्काल पार्किङ शुल्क असुल गर्न सक्ने सम्भावना देखिँदैन र आम्दानी असुल पनि गरेको छैन ।

**सम्भावना :**

यस गाउँपालिका अन्तर्गत पर्ने उपयुक्त स्थानमा पार्किङ स्थल निर्माण गरी सेवा प्रदान गर्न सकिएको खण्डमा यातायात आवागमन सहज हुनुका साथै गाउँपालिकाको आम्दानी वृद्धिमा समेत टेवा पुग्ने देखिन्छ । गाउँपालिकाको क्षेत्रका निम्न अनुसारका प्रमुख बजार केन्द्रमा पार्किङ पूर्वाधार वा व्यवस्थापन गरी पार्किङ शुल्क असुल गर्न सकिने सम्भावना रहेको छ । यस क्षेत्रमा वार्षिक रु. १ लाख १८ हजार रुपियाँ पार्किङ शुल्कबाट आम्दानी हुन सक्ने देखिन्छ ।

| सि.न. | यातायातका किसिम | सङ्ख्या प्रति दिन | सङ्ख्या वार्षिक | करको औसत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|---|
| १ | साना (मोटर साइकल, अटो ) | २० | ७२०० | १० | ७२००० |
| २ | मझौला कार, भ्यान तथा जिप | ४ | १४४० | २० | २८८०० |
| ३ | व्यवसायीहरूले राखेका बोर्ड | २ | ७२० | २५ | १८००० |
| | | | | जम्मा | ११८८०० |

**सुधारका पक्षहरूः**

- गा.पा.मा जथाभावी पार्किङ गर्ने ट्रक तथा अन्य सवारी साधनहरू का लागि उपयुक्त स्थानमा पार्किंङस्थल बनाउने
- पार्किङ शुल्कको दर निर्धारण गर्ने
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन

## घ) नक्सापास दस्तुर

**हालको अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनले अस्थायी साधारण टहरा, होटेल उद्योग आदि प्रयोजनका लागि अस्थायी टहरा, सिमेन्ट जोडाइका लागि पक्की घर, सिमेन्ट जोडाइको कम्पाउण्ड वाल र घर नक्सा नामसारी दस्तुर निर्धारण गरेको छ। नक्सापास दस्तुर तोक्दा नयाँ तथा पुराना दुबैका लागि एकै दर तोकेको छ। नक्सापास दस्तुरको दर निर्धारण गरेता पनि अभिलेखीकरणका बारेमा उल्लेख गरेको छैन।

**सम्भावनाः** गाउँपालिकाको करिब २० वटा नयाँ घर निर्माण हुने र पूराना ५० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गरिएको छ। प्रति घरको नक्सापास दस्तुर औसत रु. ५००० का दरले जम्मा रु. ३ लाख ५० हजार र १२५० घरधुरी अभिलेखीकरण रु ३ लाख ७५ हजार गरी जम्मा ७ लाख २५ हजार आम्दानी हुने सम्भावना आँकलन गरिएको छ।

| सि.न. | घरका किसिम | परिमाण | करको औसत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | २० | ५००० | १००००० |
| २ | नक्सा पास दस्तुर | ५० | ५००० | २५०००० |
| ३ | पूराना घरहरूको अभिलेखीकरण | १२५० | ३०० | ३७५००० |
| | | **जम्मा** | | ७२५००० |

**सुधारका पक्षहरू**

- नक्सापासको प्रावधानपूर्व बनेका घरहरूको अभिलेखीकरणका लागि दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने
- चालु आर्थिक ऐनमा नयाँ तथा पूरानो घरको नक्सापासको दर एउटै भएको हुँदा नयाँ घरको तुलनामा पूरानो घरको नक्सा पासको दर कम राख्ने
- मापदण्ड तथा कार्यविधि अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने

## ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनले यो शीर्षकबाट आय सङ्कलनका लागि दर निर्धारण गरेको छैन। गाउँपालिका क्षेत्रमा करिव १५१ जति व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक आदि सञ्चालनमा रहेको अनुमान गरिएको छ। हालको गाउँपालिकाको कुल आयमा यस शीर्षकबाट

प्राप्त हुन सक्ने आम्दानी न्यून हुने भएपनि रहेको गाउँपालिका हुनुका साथै बजारीकरण बढ्दै गएको परिवेशमा व्यवसाय रजिष्ट्रेशन दस्तुर एक नियमित आयको स्रोत भएको हुँदा यस शीर्षकलाई गाउँपालिकाको आयको एक प्रमुख हिस्साका रूपमा राख्नुपर्ने अवस्था देखिन्छ ।

**सम्भावनाः** गाउँपालिकाको बजार क्षेत्रमा रहेका उल्लेखित १५१ संस्थाहरूलाई दर्ता, अनुमति र नविकरण गर्दा औसत दस्तुर रु. १५०० लिइएको खण्डमा प्रति वर्ष रु. २ लाख २५ हजार आय हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### च) फोहोर मैला व्यवस्थापन शुल्क

**हालको अवस्थाः**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ । तापनि यस गाउँपालिकाले हालसम्म पनि कुनै पनि फोहोरमैला शुल्क उठाउन सकेको पाइएको छैन । गाउँबासीले स्वविवेकले फोहोरमैला व्यवस्थापन गरिआएका छन् । गाउँ क्षेत्रमा तत्काल फोहोरमैला व्यवस्थापन शुल्क सुरु गर्न सकिने अवस्था नदेखिए पनि बजारीकरण हुदै गरेका आसपासका क्षेत्रमा फोहोरमैला व्यवस्थापन सुरु गर्नुपर्ने अवस्था छ ।

**सम्भावनाः**

गाउँपालिकाको बजार क्षेत्रमा साना तथा मझौला पसल व्यवसाय सञ्चालनमा रहेका बद्दै जानुको साथै सहरीकारण बद्दै जानाले यस क्षेत्रमा फोहोर व्यवस्थापनको काम तत्काल सुरु गर्नुपर्ने देखिन्छ । यसका उचित व्यवस्थापनको लागि उपयुक्त स्थान खोजी गर्ने तथा कानुन अनुसार क्षेत्रबाट फोहोरमैला व्यवस्थापन शुल्कको सुरुआत गर्न सकिने सम्भावना देखिन्छ ।

## छ)  सिफारिस तथा प्रमाणित दस्तुर :

**हालको अवस्थाः**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट सङ्कलन गरि आएको छ । यस शीर्षक अन्तर्गत सामान्य सिफारिस अन्तर्गत प्रति सिफारिस रु. २० देखि रु. ५०० सम्म, जग्गा नामसारी सिफारिसका लागि प्रति पटक रु. २०० देखि ५०० सम्म, घरजग्गा रजिष्ट्रेशन सिफारिस अन्तर्गत प्रति पटक रु. १०० देखि रु. ५०० सम्म, उद्योग दर्ता सिफारिस अन्तर्गत प्रति पटक रु. १०० देखि ५०० सम्म तथा चार किल्ला प्रमाणित अन्तर्गत प्रति पटक रु. १०० सेवा शुल्क तोकेको छ । सिफारिस दस्तुर अन्तर्गत गाउँपालिकाले गत वर्ष आ.व. २०७६/०७७ मा रु. १ लाख सङ्कलन गरेको थियो भने आ.व. २०७७/०७८मा रु. १ लाख २० हजार सङ्कलन गरेएको छ । यस किसिमको दस्तुर गाउँपालिका तथा वडा कार्यालयहरूबाट सङ्कलन हुने गरेको छ । वडा कार्यालयहरूबाट सङ्कलन भएको दस्तुर वडा सचिवहरूले समय समयमा गाउँपालिकामा ल्याई जम्मा गर्ने अभ्यास रहेको छ ।

**सम्भावनाः**

गाउँपालिकाको नियमित र निरन्तर काम भनेको सिफारिस वा प्रमाणित गर्ने हो । यस गाउँपालिकाको आम्दानीको एक मुख्य र भरपर्दो स्रोत हो । यस विषय अन्तर्गत कुल आम्दानीको तथ्यांक उपलब्ध भए पनि के कति पटकको सिफारिस तथा प्रमाणित दस्तुरबाट उक्त आम्दानी भएको हो भन्ने तथ्यांक उपलब्ध नहुँदा यस वर्षको बाँकी समयमा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । गाउँपालिकाले प्रदान गर्ने विभिन्न सिफारिस तथा प्रमाणितका किसिम अनुसार विश्लेषण गर्दा देहाय अनुसार दस्तुर सङ्कलन हुने अनुमान गरिएको छ ।

**तालिका ७: सिफारिस तथा दस्तुरको सम्भाव्यता विवरण**

| क्र. सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरू | अनुमानित सङ्ख्या (वार्षिक) | औसत दर रु. | संभाव्य रकम |
|---|---|---|---|---|
| १ | सिफारिस | १२५० | १०० | १२५००० |
| २ | व्यक्तिगत घटना दर्ता | ८७५ | १०० | ८७५०० |
| ४ | अन्य दस्तुर | ५०० | १०० | ५०००० |
| ५ | न्यायिक दण्ड जरिवाना र जफत | २०० | १०० | २०००० |
| ६ | नाता प्रमाणित दस्तुर | ५०० | १०० | ५०००० |
| ७ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५०० | १०० | ५०००० |
| ८ | अन्य | ५०० | १०० | ५०००० |
| | | | **जम्मा** | ४३२५०० |

**सुधारका पक्षहरू:**

- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- वडा कार्यालयहरूको कर सङ्कलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडा कार्यालयहरूलाई गाउँपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधि हुने व्यवस्था मिलाउने
- सैद्धान्तिक रूपमा गाउँपालिकाले प्रदूषण नियन्त्रणका लागिसेवाप्रदान गरे वापत मात्र शुल्क लिन पाइन्छ । यसर्थ, प्रदूषण नियन्त्रणको काम गरेर प्रदूषण नियन्त्रण शुल्क लिनुपर्ने देखिन्छ ।

## ज) पर्यटन स्थल प्रवेश शुल्क

यस गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरेवापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क उठाउन सक्ने कानुनी व्यवस्था छ तर यस गाउँपालिकाले हालसम्म कुनै पनि पर्यटन शुल्क असुल गरेको छैन । यद्यपि गाउँपालिकामा ताजाँकोट शिव मन्दिर, लवासुर मन्दिर, देवी जुवार्न मन्दिर लब्दर, सुनसुने कस्तुरी कोट दुधे दह, भ्यू दुला (भिमसेन दुला), सप्तकुण्डदुधे दह रमालिका लगायत पर्यटकीय स्थानहरू रहेका छन् । उपरोक्त स्थलहरूमा पूर्वाधार विकास गरी सेवा प्रदायक वा सेवाग्राहीबाट पर्यटन शुल्क उठाउन सकिने सम्भावना रहेको भए पनि हालका लागि कुल सम्भाव्य आयको आकार निकै न्यून हुने तथा पर्यटन क्षेत्रको विकास नै नभइसकेको अवस्था भएकाले यस शीर्षकमा यस अध्ययनले हालका लागि कुनै शुल्क सिफारिस गरेको छैन । बरु गाउँपालिकाबाट सम्भावित पर्यटकीय स्थलहरू यकीन गरी उक्त स्थानहरूमा पार्कहरू निर्माण गर्ने र ती पार्कहरूको संरक्षण गर्ने तथा पर्यटकीय पूर्वाधारहरू क्रमिक रूपमा बिस्तार गर्ने र अनुभवका आधारमा वार्षिक रूपमा नयाँ पूर्वाधार बनाउँदै जानु बाञ्छनीय देखिन्छ ।

## झ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

हालको अवस्थाः

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । तर यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरूबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएकाले हालसम्म पनि कुनै पनि रकम सङ्कलन नभएको अवस्था छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना गाउँपालिकाले स्विकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

## च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

**हालको अवस्थाः**

यस गाउँपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी एम्बुलेन्स्, ट्राक्टर र प्रोजेक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दररेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दररेट निर्धारण गर्ने गरेको छ । यस गाउँपालिकाको स्वामित्वमा रहेका एम्बुलेन्स, प्रोजेक्टर, ट्राक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावनाः**

- गाउँपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू (जेसिवी, एम्बुलेन्स र प्रोजेक्टर) का बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार जेसिवीबाट अनुमानित आय २ लाख, १ लाख एम्बुलेन्स र प्रोजेक्टर बाट पचास हजार गरी कुल जम्मा ३ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद–चार: आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ। यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत नीति

गाउँपालिकामा स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व सम्बन्धी परामर्शका लागि सात सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ।

**गाउँ सभाले आ.व. २०७८।७९ का लागि गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :**

- गाउँपालिकाबाट सञ्चालन गरिएका सेवा प्रवाहको सामाजिक परीक्षण कार्यको सुरुवात गरिएको थियो
- ताँजाकोट गाउँपालिकाको ओत परिचालनलाई समतामूलक प्रगतिशील र न्यायपूर्ण बनाई राजस्वको दायरा वृद्धि गर्दै कुल बजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गरिदै लगिने
- व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी टोल विकास संस्थाहरूलाई परिचालन तथा जिम्मेवार बनाउने नीति लिइने
- गाउँपालिकाको स्रोत बिस्तारको लागि आ. व. २०७८/०७९ देखि सम्पत्ति कर लागू गरिने
- व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढ व्यवसायीहरूलाई कर तिर्न प्रोत्साहित गर्न गाउँपालिकामा कार्यक्रम सहित कर सप्ताह कार्यक्रम सञ्चालन गर्ने राजस्व सङ्कलन कार्यलाई व्यवस्थित गर्न गाउँपालिका र सम्बन्धित निजी क्षेत्रको सहयोग समन्वयमा करको दायरालाई बिस्तार गर्ने
- गैर सरकारी सङ्घ संस्थाहरूसंगको समन्वय र सहकार्यमा जोड दिइन
- स्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न कम्प्युटर सफ्टवेयरको प्रयोगबाट
- डाटावेसका आधारमा कर शुल्क सङ्कलन गर्ने कार्यको थालनी गरिने
- कर, शुल्क दस्तुर असुली कार्यलाई उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडि बढाइ बक्यौता न्यून गरिने
- उपभोक्ता समिति मार्फत् सञ्चालन हुने कुनै पनि योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका

- पदाधिकारीहरू र गाउँपालिका तथा वडा कार्यालयहरूमा विभिन्न सिफारिसका लागि सम्पर्कमा आउने सेवाग्राहीहरू समेतबाट आफूले बुझाउनु पर्ने सम्पत्ति कर, व्यवसाय कर बहाल कर लगायतका सम्पूर्ण कर तथा शुल्क चुक्ता गरिसकेपछि मात्र सम्झौता गरिने तथा सिफारिस उपलब्ध गराइने नीति लिइने
- वित्तीय स्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउँदै सम्पूर्ण करदातालाई स्वःस्फूर्त रूपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको अनुभूति दिलाईने
- गाउँपालिकालाई बढी कर तिर्ने करदातालाई निश्चित मापदण्ड तयार गरी सम्मानित गर्ने परम्पराको निरन्तरता दिइने
- राजस्व तथा आर्थिक कारोवारमा पारदर्शिता, जवाफ देहिता, सहभागिता र अनुमान योग्यता प्रवर्द्धन गर्न तथा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरिएको थियो ।
- गाउँपालिकाले उठाउने सम्पत्तिकर, व्यवसाय तथा पेसाकर, घर बहाल कर, मनोरन्जन करहरूलाई पारदर्शी, प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधि र निर्देशिकाहरू बनाई व्यवस्थित गरिने

**तालिका ८: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण**

| **नीति निर्धारणका क्षेत्रहरू** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरू** |
|---|---|---|
| क) सङ्गठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छैन | कर्मचारी व्यबस्थापन |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | १जना सहायक चौथो करार | राजस्व सङ्कलन अनलाईन प्रणालिमा हुनु पर्ने |
| राजस्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छ | |
| कर्मचारीहरूलाई उनीहरूको जिम्मेवारी स्पष्ट र लिखित रूपमा दिईएको छ छैन ? | छ | |
| कर्मचारीहरूलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | राम्रो | टेलिफोन तथा सफ्टवयरको आवश्यकता |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ, एसएमएस, ईमेल | सफ्टवयरको आवश्यकता |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | सामान्य | राजस्व परामर्श समितिलाई तालिमको आवश्यकतो। |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | छ , सिफारिस (घरजग्गा, नागरिकता, जन्मदर्ता) आदी | समय समय मा क्षमता बिकास तालिम को व्यवस्था गर्नु पर्ने |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| करदाताहरूको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरू – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | छ | सफ्टवयर निर्माण गरि करदाता हरूको लागि कर सफ्टेवर मार्फत अभिलेख राख्ने । |
| गाउँ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरूको विवरण तथा सोको परिचालन कस्तो छ ? | जिन्सी खातामा व्यवस्थित छ | नेपाल सरकारले जारी गरेको पाम्स प्रणालीमा लैजानु पर्ने |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रूपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | सामान्य रूपमा भएको | करदाता हरूको अभिलेख राखि समय सापेक्ष बनाउने |
| चुहावट हुन सक्ने सम्भावनाहरू के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | समयमै राजस्व नतिर्ने | सफ्टेवरमा अभिलेखीकरण गर्ने राजस्व सम्बन्धी जनजागरण कार्यक्रम हरू ब्यापक रूपमा सञ्चालन गर्नु पर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | दण्ड जरीवानाको व्यवस्था रहेको । | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नु पर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरूमा कसरी लागु गरिएको छ ? | छैन | समयमा कर तिर्ने करदातालाई पहिचान गरी छुट र ढिलो आउने लाई जरिवानाको ब्यबस्था गर्ने। |
| करदाताहरूलाई उनीहरूले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | स्थानीय रेडियो, पत्रपत्रिका मार्फत समयमा जानकारि गराउने |
| गाउँ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | उजुरी पेटिका छ | जनचेतना गर्नुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | छ | सफ्टेवरमा प्रणालीमा लैजानु पर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | स्रोतको खोजी गर्नुपर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरूलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | प्रचार प्रसार | सबैको पहुँच हुने ठाउँमा होडिङ बोर्ड राख्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरूको सहभागीता कस्तो छ ? | छैन | सहभागिता अनिवार्य गराउनु पर्ने |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरूको प्रभावकारीता कस्तो छ ? (बैठक सङ्ख्या, निर्णयहरू आदि) | ३ पटक वार्षिक | प्रत्येक महिनामा राख्नुपर्ने |

| नीति निर्धारणका क्षेत्रहरू | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरू |
|---|---|---|
| राजस्व असुलीमा सरोकार पक्षहरूको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | सामान्य | जन चेतना फैलाउने |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | छ | थप व्यबस्थित गर्ने |
| आयका स्रोतहरूको अभिलेख व्यवस्था कस्तो छ ? | सामान्य | थप व्यबस्थित गर्ने |
| गाउँ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ | थप व्यबस्थित गर्ने |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरू कसरी संवोधन भएका छन् ? | छ | वेरुजु सम्परिक्षण लाई थप प्रभावकारी बनाउनुपर्ने |

स्थानीय जनता जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाता हरूले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ । आन्तरिक आय उठाउन सक्ने तर हालसम्म नउठाएका आय शीर्षकहरू तथा सोको परिचालन गर्ने उपाय:

| सम्भाब्य भए पनि हालसम्म नउठाएका आय शीर्षकहरू | लागु नहुनुको कारण | परिचालन गर्ने उपाय |
|---|---|---|
| मालपोत कर | जनशक्ति अभाव र उत्तरदायि नहुनु | जनशक्ति व्यवस्थापन र करदातालाई समयमा जानकारि दिने |

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ । यस ताँजाकोट गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

**तालिका ९: राजस्व परामर्श समिति**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | मन्जु बुढा | गा.पा. उपाअध्यक्ष | संयोजक |
| २ | लाल प्रसाद ढकाल | प्र.प्र.अ. | सदस्य |
| ३ | अजमल बुढा | कार्यपालिका सदस्य | सदस्य |

| | | | |
|---|---|---|---|
| ४ | लेउटि सार्की | कार्यपालिका सदस्य | सदस्य |
| ५. | बिष्णुलाल सार्की | योजना तथा राजस्व सदस्य | सदस्यसचिव |

यस राजस्व समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वका दरहरू गाउँपालिकामा सिफारिस गर्ने लगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ।

गाउँपालिकाको राजस्व सङ्कलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ।

- गाउँपालिकाको संगठन संरचना तयार भएको देखिँदैन। गाउँसभाबाट संगठन संरचना तयार गर्ने तथा राजस्व शाखा गठन गर्नुपर्ने देखिन्छ।
- गाउँपालिकामा हाल कुल १६ जना कर्मचारी कार्यरत रहेको देखिन्छ भने राजस्व सम्बन्धी काम गर्न खरिदार चौथो  एक जना कर्मचारी खटाएको देखिन्छ।
- राजस्व शाखामा कार्यरत कर्मचारीको सेवाग्राहीप्रतिको व्यवहार सामान्य र नम्र रहेको।
- राजस्व सङ्कलनका लागि गाउँपालिकामा कम्प्युटर सफ्टवेयर प्रयोग भएको तर वडास्तरमा कम्प्युटर सफ्टवेयर प्रयोग हुन बाँकी रहेको।
- वडा कार्यालयबाट पञ्जीकरण, सिफारिस गर्ने गरेको तथा अन्य कर तथा गैरकर गाउँपालिकाको कार्यालयबाटै सङ्कलन हुने गरेको।
- राजस्व सङ्कलन सम्बन्धमा कुनैपनि कार्यविधि नभएकाले राजस्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको।
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मुल्यांकन नभएको।

**तालिका १०: ताँजाकोट गाउँपालिका मा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | भावना शर्मा | सहायक चौथो,लेखा | ▪ राजस्व अभिलेख, सार्वजनिकीकरण सम्बन्धित कार्य गर्ने<br>▪ राजस्व असुली तथा सङ्कलन गर्ने<br>▪ राजस्व बिलिङ गर्ने<br>▪ राजस्व सफ्टवयर सञ्चालन गर्ने<br>▪ लेखा अधिकृतलाई सहयोग गर्ने |

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल यस गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :

- ✓ राजस्व सम्बन्धी कार्यका लागि प्रशासनिक रूपमा राजस्व उपशाखा समेत गठन भई कामकाज भैरहेको तर राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा प्रयाप्त नरहेको ।
- ✓ राजस्व सङ्कलनमा कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- ✓ राजस्व सङ्कलन कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरूमा कम्प्युटर तथा सफ्टवेयर जडान भएता पनि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको।
- ✓ स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- ✓ राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटर बिलिङ्ग प्रयोग भइरहेको ।
- ✓ यसका सबै वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर सङ्कलन गर्ने गरिएको ।
- ✓ वडा कार्यालयहरूले सङ्कलन भएको रकम मासिक रूपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा पेस गर्ने गरेको ।
- ✓ आर्थिक ऐन र यथार्थ सङ्कलन बिचको तालमेल कमजोर रहेको ।
- ✓ राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- ✓ राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- ✓ हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्याङ्कन नभएको ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकाको आ.व. २०७८।७९ को यथार्थ आयको अध्ययन गरी तथ्यांक निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा उक्त वर्षहरूमा गाउँपालिकाको आय परम्परागत स्रोतहरू मूलतः मालपोत, दर्ता, नवीकरण, सिफारिस लगायतमा आधारित भएको पाइन्छ । यस गाउँपालिकाले विगत आ.व.हरूमा सङ्कलन गरेको यथार्थ तथा चालु आ.व.का लागि गरेको प्रस्तावित आन्तरिक आय सम्बन्धी बिस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ११: आन्तरिक आय सङ्कलनको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | छ | भएको | भएको |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छैन | नभएको | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा,अटोरिक्सा, इरिक्सा) | छैन | भएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | घर जग्गा बहाल कर | छ | भएको | नभएको |
| | व्यवसाय कर | छ | भएको | भएका |
| | जडिबुटी, कबाडी र जीवजन्तु कर | छ | भएको | नभएका |
| | विज्ञापन कर | छैन | नभएको | नभएको |
| | मनोरन्जन कर | छैन | नभएको | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बाल'वा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | नभएको | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छैन | नभएको | नभएको |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | ब्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छ | भएको | भएको |
| | बहाल बिटौरी शुल्क | छ | भएको | भएको |
| | पार्किङ्ग शुल्क | छैन | नभएको | नभएको |
| | अस्पताल सञ्चालन | छ | भएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छैन | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छ | नभएको | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प,जिपप्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | नभएको | नभएको |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेको गरेका स्थानीय पुर्वाधार तथा सेवामासेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु बधशाला, शवदाह गृह, घोविघाट, सडक, बसपार्क, पुलआदि | छैन | नभएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | मूल्याङ्कन सेवा शुल्क | छैन | नभएको | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर( एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | नभएको | नभएको |
| | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लिखित तालिकामा प्रस्तुत तथ्यांक अनुसार यस गाउँपालिकाको मुख्य स्रोतको रूपमा मालपोत तथा सिफारिस तथा दस्तुर नै आम्दानी रहेको देखिन्छ। अन्य सेवा शुल्क अन्तर्गत संस्थागत रूपमा प्राप्त भएको घरजग्गा बहाल कर, मालपोत र सिफारिस तथा दस्तुर गाउँपालिकाको आम्दानीको प्रमुख स्रोतका रूपमा रहेको देखिन्छ।

## ४.४ राजस्व परिचालनमा रहेका सबालहरू

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ। आन्तरिक आय परिचालनमा देखिएका सबालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी काम गर्न वरिष्ठ अधिकृतस्तर र सहायकस्तर गरी दुई जनालाई जिम्मेवारी दिइएको भए पनि गाउँपालिकाको छुट्टै शाखा गठन भएको भने देखिँदैन। गाउँसभाले संगठन चार्ट स्वीकृत गरी कार्य बोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने र जिम्मेवारी अनुसार सान्दर्भिक तालिम तथा अन्य क्षमता अभिवृद्धिका अवसर समेत उपलब्ध गराउँदै जानुपर्ने देखिन्छ।

### ख. तथ्यांक सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

हाल गाउँपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको सङ्ख्या के कति छ भन्ने तथ्यांक उपलब्ध छैन। यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन

गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक छ, यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न आधार प्रदान गर्दछ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्यांक सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना हुनु अति जरुरी छ ।

## ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मूख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु पर्दछन् । हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रूपमा आय स्पष्ट हुने गरी लेखा राख्नु जरुरी छ ।

## घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानु नी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

## ङ. समन्वय संयन्त्र

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नुपर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीयतहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

## च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको सङ्कलन अवस्थाको अनुगमनगरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत् राजस्व रखर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद–पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ।

यस परिच्छेदमा ताँजाकोट गाउँपालिकाको आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरू प्रस्तुत गरिएको छ। परामर्शदाताद्वारा संकलित तथ्यांक तथा सूचनाहरू, तिनीहरूको विश्लेषणबाट आएका नतिजाहरू तथा गाउँपालिकासंग सम्बद्ध सरोकार पक्षहरूसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरूमा बिस्तृतमा उल्लिखित गरिएको छ।

## क. कर राजस्व सुधारका योजनाहरू

**तालिका १२: राजस्व सुधार कार्ययोजनाहरू**

| क.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ श्रावण देखि अर्धवार्षिक रूपमा नियमित | राजस्व शाखा वडा कार्यालय |
| **२** | **सम्पत्ति कर** | | |
| | १. आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३. वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ श्रावण देखि नियमित | राजस्व शाखा वडा कार्यालय |
| | ४. सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **घर जग्गा बहाल कर** | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरूको लगत सङ्कलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा वडा कार्यालय |

| क.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **४.** | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने । | २०७९ श्रावण सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघ सम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरूको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्वा शाखा वडा कार्यालयहरू |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजार क्षेत्रहरूमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखी अर्धवार्षिक रूपमा | राजस्वा शाखा वडा कार्यालयहरू |
| **५.** | **जडीवुटी, कबाडी र जीवजन्तु कर** | | |
| | १. जडीवुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा राजस्व परामर्श समिति |
| | २. जडीवुटी र कबाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का बन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | गाउँसभा, कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार योजना

तालिका १३: गैरकर राजस्व सुधार योजनाहरू

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१.** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरू अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कानुनसँग बाझिने प्रावधानहरूलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | गाउँपालिका |
| **२.** | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १. राजस्व उपशाखालाई शाखाको रूपमा स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | गाउँपालिका |
| | २. राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ भाद्र सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ४. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| **३.** | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रूपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| **४.** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका गाउँ सभा |

# परिच्छेद – छः आगामी तिन वर्षको आय प्रक्षेपण

मूलतः विगत तीन वर्षको आय तथा गाउँपालिकाको राजस्व अधिकार र हालको आय सङ्कलन अवस्थाको आधारमा यस परिच्छेदमा गाउँपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। यसले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८२।८३) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ।

**तालिका १४: आगामी आ.व.हरूका लागि राजस्व प्रक्षेपणका आधारहरू**

| राजस्व सङ्केत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | ६४७४.३४ | |
| ११३१३ | सम्पत्ति कर | १५०३ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमि कर (मालपोत) | १४४४.७४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | २१३.३ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | १६० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | २३२ | आ.व. २०७८/७९ मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ३५० | पहिलो वर्ष ६० प्रतिशत र त्यसपश्चात् वार्षिक २६ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | १२० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जान |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | ० | अनुमान नगरिएको |

| राजस्व सङ्केत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३५० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४२२४ | परिक्षा शुल्क | ० | अनुमान नगरिएको |
| १४२४१ | पार्किङ्ग शुल्क | ११८.८ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २२ प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ७२५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सफारिश तथा प्रमाणित दस्तुर | १२५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा ३४ प्रतिशतले बढ्दै जान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क | ८७.५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले घट्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | १७० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २२५ | आ.व.२०७८/७९ मा ९० प्रतिशत र त्यसपछिका वर्षहरूमा १० प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | ६५० | आ.व. २०७८/७९ मा कुल सम्भावनाको १०० प्रतिशत र |
| | | | त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ख | **राजस्व बाँडफाँट** | ४४५८६.५ | |
| ख.१ | **नेपाल सरकार** | ४४५२० | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने | ४४५२० | गत आ.को प्राप्त रकममा क्रमश: ७.५ प्रतिशतका दरले वृद्धि हुँदै |
| | मु.अ.कर | | जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने | | अनुमान नगरिएको |
| | अन्त:शुल्क | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | अनुमान नगरिएको |
| ख.२ | **प्रदेश सकार** | ६६.५ | |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २० | आ.व. २०७९/८० मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ४६.५ | आ.व. २०७८/७९ मा कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २६ प्रतिशतले बढ्दै जाने |
| ग. | **अनुदान तथा वित्तीय हस्तान्तरण** | २७०२४२ | |

| राजस्व सङ्केत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरूको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| ग.१ | **नेपाल सरकार** | २३७२०० | |
| १३३११ | समानीकरण अनुदान | ७०००० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | १०८४०० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | २१२०० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | |
| १३३१६ | समपूरक अनुदान चालु | ३७६०० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| ग.२ | **प्रदेश सरकार** | ३३०४२ | |
| १३३११ | समानीकरण अनुदान | ६२४२ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ८३०० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | ३५०० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | |
| १३३१६ | समपूरक अनुदान चालु | १५००० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| ग.३ | **अन्य आन्तरिक अनुदान** | २०५४.६२३ | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | २०५४.६२३ | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |
| | **कुल जम्मा** | ३२३३५७.४६३ | |

## ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधारमानी गाउँपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजस्व सङ्केत वर्तमानमा सिफारिस गरिएको लेखा कोडको आधारमा गरिएको छ । तालिकामा दिए अनुसार गाउँपालिकाको आगामी आ.व. २०७९/८० मा कुल रु. ३३,८८,१२,४४५.०० आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

## तालिका १५: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण

| राजस्व | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | कुल संभाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सङ्केत | | ०७५/०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | १४७०१५००० | ३१०१५०८९९ | २६९,०९५,६०७.०० | ३१७,४१६,६२३.०० | ३२३,३५७,४६३.०० | ३३८,८१२,४४५.०० | ३५७,८६३,२१५.५४ | ३७८,२४६,३५६.५८ |
| | **आन्तरिक आय** | ५१५००० | १०६४६२६ | १,०२३,१३०.०० | ६००००० | ६४७४३४० | ५०९२१७२ | ६३५२१४९.५४४ | ७९६२३५.३०७८ |
| ११३१३ | सम्पत्ति कर | | | | | १५०३००० | १०५२१०० | १,३२२,६०९.२३ | १,६६६,४८७.६४ |
| ११३१४ | भूमि कर/ मालपोत | | | | | १४४४७४० | ११५५७९२ | १,४५२,९६१.८६ | १,८३०,७३१.९४ |
| ११३२१ | घर बहाल कर | २०००० | २०००० | २०,०००.०० | | २१३३०० | १७०६४० | २१४,५१३.८७ | २६९,६६८.३० |
| ११३५१ | व्यवसाय कर | | | | | २३२००० | १८५६०० | २३३,८५६.०० | २९४,६५८.५६ |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | २२५००० | २०२५०० | २५५,१५०.०० | ३२१,४८९.०० |
| ११३२२ | बहाल विटौरि शुल्क | | | | | १६०००० | १२८००० | १६१,२८०.०० | २०३,२१२.८० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २०००० | २०००० | २०,०००.०० | | ३५०००० | ३५०००० | ४३९,९८९.७७ | ५५३,११७.१२ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | | | | | ३५०००० | २१०००० | २६४,६००.०० | ३३३,३९६.०० |
| | (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | | | १२०००० | ९६००० | १२०,९६०.०० | १५२,४०९.६० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क - मूल्याङ्कन समेत) | १५०००० | २००००० | ३००,०००.०० | | १००००० | ७०००० | ८०५०० | ९२५७५ |
| १४२२१ | न्यायिक दस्तुर | २००००० | ५५४६२६ | ३६३,१३०.०० | | ५००००० | ४००००० | ४८७,९८२.२६ | ५९५,३१६.७२ |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | ११८८०० | ९५०४० | ९५,०४०.०० | ११५,९४४.५९ |
| १४२४२ | नक्सापास दस्तुर | | | | | ७२५००० | ५८०००० | ७३०८०० | ९२०८०८ |
| १४२४३ | सिफारिस दस्तुर | ५०००० | १००००० | १२०,०००.०० | | १२५००० | १२५००० | १६७५०० | २२४४५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २०००० | ७०००० | ७५,०००.०० | | ८७५०० | ८७५०० | १००६२५ | ११५७१८.७५ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १५००० | २०००० | २५,०००.०० | | ५०००० | ५०००० | ५९,२८१.५६ | ७०,२८६.०६ |
| १४२४९ | अन्य दस्तुर | | | | | ५०००० | ५०००० | ६३,०००.०० | ७९,३८०.०० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ४०००० | ८०००० | १००,०००.०० | | २०००० | १४००० | १६१०० | १८५१५ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | | | | ५०००० | ३५००० | ४२,७००.०० | ५२,०९४.०० |
| १४५२९ | अन्य राजस्व | | | | | ५०००० | ३५००० | ४२,७००.०० | ५२,०९४.०० |
| | **राजस्व बाँडफाँड** | | १०००००० | ४४,२०८,५७०.०० | ४४५२०००० | ४४५८६५०० | ४७९११५५० | ५१५१४६३८ | ५५३९०४८५.२६ |
| | **सङ्घीय सरकार** | | | ४४२०८५७० | ४४५२०००० | ४४५२०००० | ४७८५९००० | ५१४४८४२५ | ५५३०७०५६.८८ |

| राजस्व सङ्केत | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | कुल संभाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५/०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | | ४४,२०८,५७०.० | ४४५२०००० | ४४५२०००० | ४७८५९००० | ५१४४८४२५ | ५५३०७०५६.८८ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | | | | |
| १४१७१ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | | | | | | |
| ११४५१ | बाँडफाँड भई प्राप्त सवारी कर | | | | | | | | |
| | **प्रदेश सरकार** | | १०००००० | | | ६६५०० | ५२५५० | ६६२१३ | ८३४२८.३८ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | | २०००० | २०००० | २५२०० | ३१७५२ |
| | (प्रदेशसंग राजस्व बाँडफाँड) | | १०००००० | | | | | | |
| ११४७१ | मनोरञ्जन कर | | | | | | | | |
| | दहत्तर बहत्तर | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | ४६५०० | ३२५५० | ४१०१३ | ५१६७६.३८ |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | १४६५००००० | २२३६३६२०० | १९७,११७,००० | २७०,२४२,००० | २७०,२४२,००० | २८३७५४१०० | २९७,९४१,८०५ | ३१२,८३८,८९५।२५ |
| | सङ्घीय सरकार | १४४,५००,००० | १६०,८३८,२०० | १६३,५००,००० | २३७,२००,०००।०० | २३७२००००० | २४९०६०००० | २६१५१३००० | २७४५८८६५० |
| १३३११ | समानीकरण अनुदान | ६०००००००० | ६६५००००० | ६६,०००,०००.० | ७०००००००० | ७०००००००० | ७३५००००० | ७७१७५००० | ८१०३३७५० |
| १३३१२ | शसर्त अनुदान चालु | ७८५००००० | ७७९७५२०० | ८८,५००,०००.०० | १०८४००००० | १०८४००००० | ११३८२०००० | ११९५११००० | १२५४८६५५० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | २०००००० | ३५००००० | | | ० | ० | ० | ० |
| १३३१४ | विशेष अनुदान चालु | २५००००० | ३५००००० | ५,०००,०००.०० | २१२००००० | २१२००००० | २२२६०००० | २३३७३००० | २४५४१६५० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | ३५००००० | | | ० | ० | ० | ० |
| १३३१६ | समपूरक अनुदान चालु | ३५००००० | १२८६३००० | ४,०००,०००.०० | ३७६००००० | ३७६००००० | ३९४८०००० | ४१४५४००० | ४३५२६७०० |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | | | | | ० | ० | ० | ० |
| | **प्रदेश सरकार** | | २७,८९९,००० | ३३,६१७,००० | ३३,०४२,००० | ३३०४२००० | ३४६९४१०० | ३६४२८८०५ | ३८२५०२४५.२५ |
| १३३११ | समानीकरण अनुदान | | १००३६००० | १०,११७,०००.०० | ६२४२००० | ६२४२००० | ६५५४१०० | ६८८१८०५ | ७२२५८९५.२५ |
| १३३१२ | शसर्त अनुदान चालु | | १५००००० | ७,०००,०००.०० | ८३००००० | ८३००००० | ८७१५००० | ९१५०७५० | ९६०८२८७.५ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |

| राजस्व सङ्केत | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | कुल संभाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५ /०७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १३३१४ | विशेष अनुदान चालु | | ३५००००० | ४,५००,०००.०० | ३५००००० | ३५००००० | ३६७५००० | ३८५८७५० | ४०५१६८७.५ |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |
| १३३१६ | समपूरक अनुदान चालु | | १२८६३००० | १२,०००,०००.०० | १५०००००० | १५०००००० | १५७५०००० | १६५३७५०० | १७३६४३७५ |
| १३३१७ | समपूरक अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |
| | **अन्य आन्तरिक अनुदान** | | ८४४५००७३ | २६७४६९०७ | २०५४६२३ | २,०५४,६२३.०० | २०५४६२३ | २,०५४,६२३.०० | २,०५४,६२३.०० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | ८४४५००७३ | २६७४६९०७ | २०५४६२३ | २०५४६२३ | ० | ० | ० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान (जनसहभागिता) | | | | | ० | ० | ० | ० |

# परिच्छेद–सातः अपेक्षित नतिजा

सारांशमा राजस्व सुधार कार्ययोजनाको पुर्ण कार्यान्वयन पश्चात् गाउँपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ ।

**तालिका १६: प्रक्षेपित आय संरचना**

| क.सं. | राजस्व शीर्षक | प्रक्षेपित आय (आगामी तीन आ.व.कों | | |
|---|---|---|---|---|
| | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | ५०९२१७२ | ६३५२१४९।५४४ | ७९६२३५३।०८ |
| २ | सङ्घिय राजस्व बाँडफाँडबाट प्राप्त आय | ४७८५९००० | ५१४४८४२५ | ५५३०७०५६।९ |
| ३ | प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त आय | ५२५५० | ६६२१३ | ८३४२८।३८ |
| ४ | अनुदान | २८३,७५४,१००।०० | २९७,९४१,८०५।०० | ३१२,८३८,८९५।२५ |
| ५ | अन्य आन्तरिक अनुदान | २०५४६२३ | २०५४६२३ | २०५४६२३ |
| ६ | जनसहभागिता | | | |
| | **कुल आय** | **३३८,८१२,४४५।००** | **३५७,८६३,२१५।५४** | **३७८,२४६,३५६।५८** |

प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय आगामी आर्थिक वर्ष २०७९।८० मा ५० लाख ९२ हजार हुने अनुमान गरिएको छ, जुन कुल आय को २ प्रतिशत हुन आँउछ। यो रकम सङ्कलन गर्न पनि गाउँपालिकाले बर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा ठुलै परिवर्तन गर्न आवश्यक देखिन्छ। गाउँपालिकाले यस तर्फ निम्न कदम चाल्नु पर्ने देखिन्छ :

- आय सङ्कलनको लागि आवश्यक ऐन तथा कार्यविधिको तयारी
- आर्थिक ऐनमा कर तथा शुल्कका दर निर्धारण वा परिमार्जन तथा जरिवाना निर्धारण
- राजस्व परामर्श समितिको परिचालन
- राजस्व शाखाको क्षमता विकास

# परिच्छेद–आठः अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई बैशाख १० गते भित्र आगामी ३ आर्थिक वर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक वर्षको बैशाख पहिलो हप्तासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूको लागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, क्रियाकलापहरू तथा बजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने, आगामी आर्थिक वर्षको आय प्रक्षेपणको लागि त्यस अवधि सम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षको लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्याङ्कन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सिफारिस गरिएको छ ।

(क) कार्यालय स्तरको अनुगमनः यो स्तरको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरूलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय तहले कम्तीमा महिनामा एक पटक बैठक बसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । गाउ

(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कनः राजस्व परामर्श समितिले चौमासिक रूपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय सङ्कलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका कार्यको मूल्याङ्कन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि क्रियाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिन्छ ।

(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कनः कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझाबहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ ।

(घ) वाह्य अनुगमनथा मूल्याङ्कनः राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनकोलागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरूको अनुभुति सङ्कलन पनि अनुगमनको मूख्य विधि हुन सक्नेछ ।

# अनुसूचीहरू

## अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
| --- | --- | --- |
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म)<br>स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>सङ्घ, प्रदेश तथा तहको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३)<br>गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेद: ९)<br>गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेद: २)<br>राजस्वको बाँडफाँड (परिच्छेद: ३)<br>अनुदानको व्यवस्था (परिच्छेद: ४)<br>वैदेशिक सहायता तथा ऋण (परिच्छेद: ५)<br>आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>वित्तिय अनुशासन (परिच्छेद: ८)<br>नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउन सक्ने कर (अनुसूची १,२ र ३)<br>प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरू | नेपाल कानुन आयोग |
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरू | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरू | नेपाल सरकार, अर्थ मन्त्रालय |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| | | |
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरू | स्थानीय तह र प्रदेश सरकारबिच साझा अधिकार सूचीका विषयमा प्रदेश कानुनले गरेका व्यवस्थाहरू | कर्णाली प्रदेश सरकार, आर्थिकक मामिला तथा योजना मन्त्रालय http://moeap.karnali.gov.np |
| ▪ स्थानीय तहको आर्थिक ऐन २०७४/०७५ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरूपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेस गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरूको आधार (द्यबकभ) बारेको सूचना र तथ्यांक | सम्बन्धित स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू | स्थानीय राजस्व र आयको प्रवृत्ति विश्लेषण | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानुनी र नीतिगत व्यबस्था | नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल कानुन आयोग<br>नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धित निकायहरू |

| सन्दर्भ सामग्री | अध्ययनको विषय क्षेत्र | स्रोत |
|---|---|---|
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरू | सन्दर्भ सामग्रीको रूपमा | अन्य स्थानीय तहहरू |
| ▪ अध्ययन क्षेत्रमा रहेका कलष्टर अर्न्तगतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको नगरपालिका विकास योजना, गाउँपालिकाका विकास योजना बजेट तथा कार्यक्रमहरू | | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरू | सन्दर्भ सामग्रीको रूपमा | विभिन्न निकायहरू |

## नुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र

आज मिति २०७९ साल आषाढ महिना १० गतेका दिन प्रदेश सुशासन केन्द्र, सुर्खेतको सहयोग तथा अनुव-पाथवे-भूगोल जेभीको सहजीकरण र ताजाकोट गाउँपालिकाको आयोजनामा यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना २०७८/०७९ को अभिमुखिकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रम यस गाउँपालिकाका उपप्रमुख श्री सुरेन्द्रबहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | गा.पा. उपप्रमुख | |
| २ | ज्ञान प्रसाद [illegible] | श्री [illegible] प्रशासकीय अधिकृत | |
| ३ | [illegible] | [illegible] | |
| ४ | [illegible] बहादुर सिंह | [illegible] | |
| ५ | [illegible] बहादुर [illegible] | [illegible] | |
| ६ | [illegible] | [illegible] | |
| ७ | [illegible] बहादुर शाही | [illegible] | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |

प्रस्तुतिकरण पश्चात सोही भेलाले तपसिलबमोजिमका निर्णय समेत गरियो ।

प्रस्तावहरू:

१. ताजाकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा ।

२. ताजाकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन कार्यपालिकाबाट अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयहरू:

निर्णय नं. १: ताजाकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धमा प्रस्तुतीकरण तथा छलफल गरियो साथै राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा संशोधन सहित प्राप्त गर्ने निर्णय गरियो । राजस्व सुधार कार्य योजना तर्जुमाकालागी आर्थिक सहयोग गर्ने प्रदेश सुशासन केन्द्र, सुर्खेत तथा प्राविधिक सहयोग गर्ने अनुव-पाथवे-भूगोल जेभीतथा विज्ञहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २: ताजाकोट गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन ताजाकोट गाउँपालिकाले कार्यपालिकाबाट पारित गराउने निर्णय समेत गरियो ।

# ताँजाकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या : २०७८।०७९
चलानी नं : ५०८

मिति : २०७९।०३।१०

विषय :- कार्य सम्पन्न बारे।

श्री क्युब-पायबे-भूगोल जेभी,
काठमाण्डौ।

प्रस्तुत विषय सम्बन्धमा श्री क्युब-पायबे-भूगोल जेभी, काठमाण्डौको सहजिकरण र श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत कर्णाली प्रदेशको सहयोगमा कर्णाली प्रदेश, हुम्ला जिल्ला, ताजाकोट गाउँपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्य योजनाको प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री क्युब-पायबे-भूगोल जेभी, काठमाण्डौ र श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत, कर्णाली प्रदेशलाई धन्यवाद ज्ञापन गर्दै यो पत्र उपलब्ध गराइएको छ।

लालप्रसाद ढकाल
(प्रमुख प्रशासकीय अधिकृत)

लाल प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत कर्णालीप्रदेश।

## अनुसूची ४: कार्यक्रमको फोटोहरु



